# सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेड
## (प. लि. द. नं. १४८७९६/०७२/७३)

## आठौं वार्षिक साधारणसभाको निर्णय विवरण पुस्तिका (Minutes)

### (१) पृष्ठभूमि

यस सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेडको आठौं वार्षिक साधारणसभा मिति २०८० साल पौष २६ गते (तदनुसार जनवरी ११, २०२४) बिहीबारका दिन बिहान ११:०० बजे का. म. न. पा. ४, चण्डोल, काठमाडौं स्थित कुण्डलिनी दरबार ब्याङ्क्वेटमा सम्पन्न भएको थियो । वार्षिक साधारणसभाको अध्यक्षता कम्पनीको सञ्चालक समितिका सञ्चालक अध्यक्ष श्री विनय कुमार श्रेष्ठज्यूले गर्नु भएको थियो । साधारणसभामा अध्यक्षज्यूले आफ्नो मन्तव्य सहित सञ्चालक समितिको तर्फबाट आ. व. २०७९/०८० को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो र कम्पनी व्यवस्थापनले यस कम्पनीद्वारा निर्माणाधीन ताप्लेजुङ्ग जिल्लामा अवस्थित ७३ मे.वा. जडित क्षमताको मध्य तमोर जलविद्युत आयोजना निर्माणका सम्बन्धमा हालसम्म भए गरिएका प्रगति र कम्पनीको आर्थिक तथा वित्तीय अवस्थाका बारेमा प्रस्तुतिकरण गरेको थियो । तत्पश्चात साधारणसभामा पेश गरिएका निर्धारित प्रस्ताव उपर छलफल गरी सबै प्रस्तावहरू सर्वसम्मतिले पारित गरियो । साधारणसभा बिहान ११:०० बजेबाट शुरू भई निर्धारित विषयसूची अनुसार छलफल तथा निर्णय गरी दिनको १:०० बजे समापन भएको थियो ।

### (२) सभा सम्बन्धि सूचना

यस कम्पनीको सञ्चालक समितिको मिति २०८० साल पौष ०२ (तदनुसार १८ डिसेम्बर, २०२३) गते बसेको बैठकको निर्णयानुसार आयोजित कम्पनीको यस आठौं वार्षिक साधारणसभाको जानकारीका लागि कम्पनीको नियमावली बमोजिम कम्पनीका शेयरधनीहरूलाई कम्पनीमा उपलब्ध उहाँहरूको ठेगाना Email ID बाट सभा हुने स्थान, मिति र छलफल गर्ने विषयको जानकारी प्रदान गर्न सूचना पठाइएको थियो । साथै, सोही बमोजिमको सार्वजनिक सूचना मिति २०८० पौष ०४ गते प्रथम पटक र २०८० पौष ०५ गते दोस्रो पटक नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको थियो ।

### (३) उपस्थिति :

### (अ) सञ्चालकहरूको उपस्थिति

| | |
|---|---|
| श्री विनय कुमार श्रेष्ठ<br>(प्रतिनिधि सानिमा हाइड्रोपावर लि.) | सञ्चालक/अध्यक्ष |
| श्री शिव कुमार बस्नेत<br>(प्रतिनिधि सानिमा माई हाइड्रोपावर लि.) | सञ्चालक |
| श्री अपार न्यौपाने | सञ्चालक |
| श्रीमती रूची जोशी | सञ्चालक |
| श्री ब्रज भूषण चौधरी | स्वतन्त्र-सञ्चालक |

Sanima Middle Tamor Hydropower Limited
SMTHPL
Kathmandu

**(आ) कम्पनीका पदाधिकारीको उपस्थिति**

| | |
|---|---|
| डा. जुगल भूर्तेल | प्रमुख कार्यकारी अधिकृत |
| श्री बिशाल बन्जारा | कम्पनी सचिव |
| डा. सुनिल कुमार लामा | आवसिय इन्जिनियर |
| श्री अर्विन्द्र श्रेष्ठ | प्रमुख प्रशासन, मानव संशाधन तथा वातावरण |
| श्री सुवास श्रेष्ठ | वित्त प्रमुख |

**(इ) विभिन्न निकायका पदाधिकारी/प्रतिनिधिको उपस्थिति :**

| | |
|---|---|
| श्री शुयोग्य भण्डारी<br>(प्रतिनिधि एस. ए. आर. असोसिएट्स एण्ड चार्टर्ड एकाउण्टेण्टस्) | लेखापरीक्षक |

**(ई) शेयरधनीहरूको उपस्थिति :**

१. स्वयम् उपस्थित हुने शेयरधनीहरूको संख्या - १७७ जना

(संस्थागत शेयरधनीहरूको प्रतिनिधि समेत)

२. प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीहरूको संख्या - २२३ जना

३. जम्मा उपस्थित संख्या - ४०० जना

**(४) आठौं वार्षिक साधारणसभामा छलफलको लागि प्रस्ताव गरिएका विषयहरू :**

१. कम्पनीको सञ्चालक समितिबाट प्रस्तुत गरिएको आठौं वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. कम्पनीको आ. व. ०७९/०८० को लेखापरीक्षण प्रतिवेदन सहित २०८० आषाढ मसान्तसम्मको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण, तत् सम्बन्धी अनुसूचीहरू छलफल गरी पारित गर्ने ।

३. लेखापरीक्षण समितिले सिफारिश गरे बमोजिम आ. व. २०८०/०८१ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने ।

४. सञ्चालक नियुक्ति सम्बन्धी सञ्चालक समितिको निर्णय अनुमोदन गर्ने ।

५. कम्पनीको नियमावलीको व्यवस्था बमोजिम सर्वसाधारण शेयरधनीहरूबाट प्रतिनिधित्व गर्ने २ ( दुई) जना सञ्चालक निर्वाचन/नियुक्ति गर्ने ।

६. विविध ।

Sanima Middle Tamor Hydropower Limited
SMTHPL
Kathmandu

## (५) गणपूरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व

| विवरण | कूल संख्या | स्वयम् उपस्थिति | प्रतिनिधि | जम्मा | उपस्थितिको प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनी संख्या | ३,२७,२४२ | १७७ | २२३ | ४०० | ०.१२२ |
| कम्पनीको शेयर संख्या | ३,३३,२५,००० | १,५४,४६,७०५ | ३७,७०,८७१ | १,९२,१७,५७६ | ५७.६७ |

## (६) सभाको वैधानिकता

(क) यस कम्पनीको नियमावली र कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) अनुसार साधारणसभाको गणपुरक संख्या बाँडफाँड भएको कूल शेयर संख्याको ५० प्रतिशतभन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरूमध्ये कम्तिमा ३ जना शेयरधनीहरू स्वयम् वा प्रतिनिधि मार्फत उपस्थिति हुनु पर्ने प्रावधान रहेको छ। त्यस बमोजिम कम्पनीको आठौं वार्षिक साधारणसभामा राखिएको शेयरधनीहरूको हाजिरी पुस्तिकामा स्वयम् तथा प्रतिनिधि मार्फत हाजिरी जनाउने शेयरधनीहरूको संख्या ४०० भएको र कूल बाँडफाँड भएको ५७.६७ प्रतिशत शेयरको प्रतिनिधित्व भएको हुँदा कम्पनीको नियमावली तथा प्रचलित कानून बमोजिम साधारणसभाको लागि गणपुरक संख्या पुगेको र सभा वैधानिक भएको व्यहोरा सभा समक्ष जानकारी गराइयो।

(२) कम्पनीको नियमावलीमा व्यवस्था भए बमोजिम सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्ष श्री विनय कुमार श्रेष्ठज्यूले गर्नु भई, आठौं वार्षिक साधारणसभा शुरू गर्न अनुमति दिनु भए बमोजिम सभा सञ्चालन गरियो।

## (७) सभा सञ्चालन तथा प्रस्ताव उपर छलफल :

साधारणसभाको कार्यक्रम सञ्चालन गर्न सभा-अध्यक्षज्यूबाट अनुमति प्राप्त भएपछि साधारणसभाका अध्यक्ष श्री विनय कुमार श्रेष्ठज्यूलाई कम्पनीको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुरोध गरियो। तत् पश्चात् अध्यक्षज्यूले मन्तव्य सहित सञ्चालक समितिको तर्फबाट आ. व. २०७९/८० को वार्षिक प्रतिवेदन अनुमोदनका लागि प्रस्तुत गर्नुभयो। साथै, कम्पनी व्यवस्थापनको तर्फबाट प्रमुख कार्यकारी अधिकृत डा. जुगल भूर्तेलज्यू तथा वरिष्ठ इन्जिनियर श्री सपथ सन टण्डनज्यूले यस कम्पनीद्वारा ताप्लेजुङ जिल्लाको फुङलिङ नगरपालिका वडा नं. ९ र १०, फक्ताङलुङ गाँउपालिका वडा नं. १, र मिक्वाखोला गाँउपालिका वडा नं. २ मा मुख्य संरचनाहरू रहको र तमोर नदीको पानी प्रयोग गरी प्रवर्द्धित ७३ मे.वा. क्षमताको मध्य तमोर जलविद्युत आयोजनाको निर्माण प्रगति विवरण लगायत आयोजनाको विस्तृत विवरण पावरप्वाइन्ट प्रस्तुतीकरण तथा श्रव्य-दृष्य(अडियो-भिडियो) को माध्यमद्वारा जानकारी गराउनु भयो। उक्त प्रस्तुतिकरण मार्फत हालसम्म आयोजनाको भौतिक प्रगति करिब ९८ प्रतिशत सम्पन्न भएको व्यहोरा सभामा जानकारी गराइयो। प्रस्तुत प्रतिवेदन तथा शेयरधनीहरूलाई उपलब्ध गराइएको लेखापरीक्षण प्रतिवेदन सहितको २०८० आषाढ मसान्त सम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आ. व. २०७९/८० को वार्षिक नाफा नोक्सान हिसाब र

Sanima Middle Tamor Hydropower Limited SMTHPL Kathmandu

सोही अवधिको नगद प्रवाह विवरण, तत् सम्बन्धी अनुसूचीहरू समेतमा आ-आफ्नो राय, प्रतिक्रिया तथा सुझाव दिन तथा सो सम्बन्धमा छलफल गर्न र आफ्नो मन्तव्य राख्न शेयरधनीहरूलाई अनुरोध गरियो । कम्पनीका निम्न शेयरधनीहरूले मन्तव्यका क्रममा व्यक्त गर्नु भएको राय, सुझाव तथा जिज्ञासाहरूको मुख्य अंश निम्न अनुसार रहेको छ :

**(अ) श्री सुदिप श्रेष्ठ**

यस कम्पनीको निर्माण कार्य अन्तिम चरणमा रहेकोमा खुशी व्यक्त गर्दछु । जलविद्युत कम्पनीबाट दीर्घकालीन समयमा मात्र प्रतिफल प्राप्त हुने भएकाले लगानीको प्रतिफल पाउन केहि समय कुर्नु पर्ने देखिन्छ, तथापी चाँडो भन्दा चाँडो आयोजना सञ्चालनमा ल्याई प्रतिफल दिन सफल होस् । यस कम्पनीको भविष्य राम्रो देखिन्छ । यस कम्पनीको थप प्रगतिको शुभकामना व्यक्त गर्दछु ।

**(आ) श्री ब्रम्हदेव शाक्य**

नेपालले भारतसँग गरेको विद्युत खरिद बिक्री सम्झौताले गर्दा भविष्यमा विद्युत माग बढ्ने देखिन्छ । यस कम्पनीको भविष्य सुखद र सुनौलो रहेको छ । आजको साधारण सभामा सर्वसाधारण शेयरधनीहरूबाट प्रतिनिधित्व गर्न नियुक्त हुनुहुने २ (दुई) जना सञ्चालहरूलाई सफल कार्यकालको शुभकामना । कम्पनीको निरन्तर संचालनमा सहयोग पुर्याउँदै आउनु भएका कम्पनीका सञ्चालक, व्यवस्थापन तथा कर्मचारीहरूलाई समेत धन्यवादका साथै शुभकामना दिन चाहन्छु ।

**(इ) श्री सुधीर तिमल्सीना**

मेरो जिज्ञासा निम्न बमोजिम रहेको छ :

(१) कोशी कोरीडोर प्रसारण लाइनको तार तान्न बाँकी रहेको करिब ६ किलोमिटर लामो राइट अफ वे (ROW) को Clerance को अवस्था कस्तो छ ?

(२) वैकल्पिक व्यवस्था अनुसार आयोजनाको विद्युत वसन्तपुर सबस्टेसनमा जोड्दा त्यसको मिटर कहाँ कहाँ राखिन्छ ?

शेयरधनी महानुभावहरूबाट मन्तव्यका क्रममा राय, सुझाव र जिज्ञासा राख्ने कार्य पुरा भएपछि शेयरधनीहरूको जिज्ञासाहरूका सम्बन्धमा अध्यक्षज्यूको आज्ञाले कम्पनीका प्रमुख कार्यकारी अधिकृत डा. जुगल भूर्तेलज्यूले सम्बन्धित विषयमा निम्न बमोजिम प्रष्ट पार्दै जवाफ दिनु भयो ।

**डा. जुगल भूर्तेल - प्रमुख कार्यकारी अधिकृत**

यस कम्पनी प्रति माया, ममता एवम् सद्भाव व्यक्त गर्नु भएकोमा सबैजना प्रति आभार व्यक्त गर्दै आजको यस कम्पनीको वार्षिक साधारण सभामा शेयरधनीहरूले मध्य तमोर जलविद्युत आयोजनाको भविष्यलाई ध्यानमा राखी क्रियाशिल भई रचानात्मक सल्लाह सुझाव दिनु भएकोमा धन्यवाद दिनु भयो । साथै शेयरधनीहरूको जिज्ञासाका सम्बन्धमा निम्नानुसार प्रष्ट पार्नु भयो ।

(१) यस पश्चात श्री सुदिप श्रेष्ठज्यूले उठाउनु भएको प्रश्नलाई प्रस्ट पार्न चाहन्छु । यस कम्पनीको निर्माण कार्य अन्तिम चरणमा रहेको र आगामी २ वर्ष भित्रमा प्रतिफल दिने प्रयत्न गर्ने छौं ।

Sanima Middle Tamor Hydropower Limited
SMTHPL
Kathmandu

कम्पनीका माथि उल्लिखित शेयरधनीहरूको जिज्ञासाहरू प्रस्ट पारी शेयरधनी श्री सुधीर तिमल्सीनाज्यूको जिज्ञासा प्रस्ट पार्न यस कम्पनीका संस्थापक, पूर्व सञ्चालक तथा आयोजनाको लागि नेपाल विद्युत प्रधिकरण समन्वय समितिका अध्यक्ष डा. सुवर्ण दास श्रष्ठज्यूले निम्न बमोजिम प्रष्ट पार्दै, जवाफ दिनु भयो ।

**सुवर्ण दास श्रेष्ठ - कम्पनीका संस्थापक तथा पूर्व सञ्चालक**

कोसी कोरीडोरमा प्रसारण लाइनको तार तान्न बाँकी रहेको करिब ६ किलोमिटर लामो राइट अफ वे (ROW) को Clerance का सम्बन्धमा कुरा गर्दा बाँकी रहेको उक्त क्षेत्रको (ROW) को Clerance का कामहरू सम्पन्न भइ सकेको छ । साथै करिब ७०० मिटर लम्बाइको खण्डमा भौगर्भिक कठिनाईका कारण ड्रोनबाट तार तान्ने कार्य गरिने छ । आयोजनाको स्वीचयाडमा नै मेन मिटर रहने छ ।

छलफल पश्चात् सभामा निम्नानुसारका निर्धारित प्रस्तावहरू पेश भई सभाको सर्वसम्मतिबाट पारित गरियो ।

## (८) छलफल तथा निर्णयहरू :

कम्पनीको यस आठौं वार्षिक साधारणसभामा पेश गरिएका प्रस्ताव उपर निम्नानुसार छलफल भई सभाको सर्वसम्मतिबाट सबै प्रस्तावहरू पारित गरियो ।

**छलफलका प्रस्ताव तथा निर्णयहरू :**

१. **कम्पनीको सञ्चालक समितिबाट प्रस्तुत गरिएको आठौं वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।**
सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा आ. व. ०७९/८० को वार्षिक प्रतिवेदन तथा सो सम्बन्धि प्रस्ताव वार्षिक साधारणसभामा प्रस्तुत गर्नु भयो । उक्त प्रस्तावलाई सभाद्वारा सर्वसम्मतिले पारित गरियो ।

२. **कम्पनीको आ. व. ०७९/०८० को लेखापरीक्षण प्रतिवेदन सहित २०८० आषाढ मसान्तसम्मको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण, तत् सम्बन्धी अनुसूचीहरू छलफल गरी पारित गर्ने ।**
कम्पनीको २०८० साल आषाढ मसान्तसम्मको वासलात, वार्षिक नाफा नोक्सानको हिसाब र नगद प्रवाहको विवरणका साथै आ.व. २०७९/८० को लेखापरीक्षकको प्रतिवेदन साधारणसभाको विषय सूचीसँगै शेयरधनीहरूलाई उपलब्ध गराइएको थियो । उक्त वासलात तथा नाफा नोक्सान हिसाब सहितको आ. व. ०७९/८० को वार्षिक आर्थिक विवरण तथा तत् सम्बन्धी अनुसूचीहरू स्वीकृतिको लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सभाको सर्वसम्मतिबाट उक्त आर्थिक प्रतिवेदनहरू पारित गरियो ।

३. **लेखापरीक्षण समितिले सिफारिश गरे बमोजिम आ. व. ०८०/०८१ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने ।**
प्रस्तुत प्रस्तावका सम्बन्धमा छलफल हुँदा, यस कम्पनीको आ. व. २०८०/८१ को हिसाब किताब लेखापरीक्षण गर्नका लागि लेखापरीक्षक संस्था **S.A.R. Associates, Chartered Accountants** नियुक्तिका लागि योग्य रहेको हुँदा लेखापरीक्षण समितिको सिफारिश बमोजिम उक्त लेखापरीक्षक संस्थालाई नियुक्त

Sanima Middle Tamor Hydropower Limited SMTHPL Kathmandu

गर्ने र लेखापरीक्षण बापतको पारिश्रमिक मूल्य अभिवृद्धि कर बाहेक रू.१,२१,०००/-(अक्षरेपी एक लाख एक्काइस हजार रूपैंया मात्र) निर्धारण गर्ने सर्वसम्मत निर्णय गरियो ।

**४. सञ्चालक नियुक्ति सम्बन्धी सञ्चालक समितिको निर्णय अनुमोदन गर्ने ।**

यस कम्पनीको संस्थापक समूहको शेयरधनी **एन.आर. एन. इन्फ्रास्ट्रक्चर एण्ड डेभलपमेन्ट लिमिटेड**का प्रतिनिधिको रूपमा यस कम्पनीको सञ्चालक पदमा नियुक्त श्रीमती उषा खतिवडाज्यूले दिनु भएको राजिनामालाई स्वीकृत गरी रिक्त हुन आएको कम्पनीको सञ्चालक पदमा मिति भाद्र ०६, २०८० गते बसेको सञ्चालक समितिको बैठकबाट यस कम्पनीका शेयरधनी बुटवल न.पा. वडा नं.-६, रूपन्देही स्थायी ठेगाना भएकी श्रीमती रूची जोशीज्यूलाई कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली बमोजिम बाँकी कार्यकालका लागि नियुक्त गरेको कार्यलाई सभाको सर्वसम्मतिबाट अनुमोदन गरियो ।

**५. कम्पनीको नियमावलीको व्यवस्था बमोजिम सर्वसाधारण शेयरधनीहरूबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालक निर्वाचन/नियुक्ति गर्ने ।**

यस कम्पनीको नियमावलीको व्यवस्था बमोजिम सर्वसाधारण शेयरधनीहरूलाई छुट्याइएको शेयरको निष्काशन गरी बिक्री तथा बाँडफाँड भए पश्चात् बस्ने वार्षिक साधारणसभा सर्वसाधारण शेयरधनीहरूबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालक निर्वाचन/नियुक्ति गर्न आवश्यक रहेको हुँदा सर्वसाधारण शेयरधनीहरूबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकको निर्वाचन/नियुक्ति प्रयोजनका लागि प्रकाशित निर्वाचन कार्यक्रम अनुसार तपसिलका २ (दुई) जना मात्र शेयरधनीहरूबाट उम्मेदवारी दर्ता भई निज उम्मेदवारहरूको विरूद्धमा कुनै दावी विरोध समेत नपरेको हुँदा उहाँहरू निर्विरोध निर्वाचित भई कम्पनीको नियमावली बमोजिम आगामी ४ (चार) वर्षका लागि यस कम्पनीको सञ्चालक पदमा नियुक्त हुनुभएको व्यहोरा निर्वाचन अधिकृत अधिवक्ता श्री भीमसेन बञ्जाराले सभामा घोषणा गर्नुभयो ।

**तपसिल**

| क्र.सं. | निर्वाचित सञ्चालकहरूको नाम र ठेगाना | कैफियत |
|---|---|---|
| १. | श्री भरत कुमार थापा | |
| २. | श्री सुशिल कुमार ओझा | |

**६. विविध ।**

विविधका अन्य कुनै विषयहरूमा छलफल नभएको ।

**(९)** साधारणसभाको निर्धारित विषयसूची अनुसार छलफल तथा निर्णयहरू भएको हुँदा कम्पनी सचिवले सभा अध्यक्षज्यूलाई यस वार्षिक साधारणसभा अन्त्य भएको घोषणा गर्दै सभा विर्सजन गर्नको लागि अनुरोध गर्नु भयो ।

**(१०) धन्यवाद र सभा विसर्जन**

सभा अध्यक्षज्यूले यस कम्पनीको आठौं वार्षिक साधारणसभामा सहभागी भई सभालाई सुचारू रूपमा सम्पन्न गर्न, गराउन सहयोग पुऱ्याउनु भएकोमा सम्पूर्ण शेयरधनीहरू, सञ्चालक समितिका सहकर्मी सदस्यहरू, व्यवस्थापन तथा कर्मचारीहरू र कम्पनीको प्रगतिमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग गर्ने अन्य सम्बद्ध सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

Sanima Middle Tamor Hydropower Limited
SMTHPL
Kathmandu

अध्यक्षज्यूले शेयरधनीहरूले सञ्चालक समितिप्रति देखाएको विश्वास र सद्भावको निमित्त कृतज्ञता ज्ञापन गर्नु भयो र यस आठौं वार्षिक साधारणसभा विसर्जन भएको घोषणा गर्नु भयो ।

Sanima Middle Tamor Hydropower Limited
SMTHPL
Kathmandu

..............................
श्री विनय कुमार श्रेष्ठ
सञ्चालक/अध्यक्ष

..............................
बिशाल बन्जारा
कम्पनी सचिव